# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।११ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मुगु, खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयले डि.पि.आर. मा कमिसन खाई तयार गरेको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०७६/७७ मा खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगुले खानेपानी योजनाहरूको डि.पि.आर. निर्माण गर्ने कार्यको लागि परामर्श सेवा खरिद गर्न प्रचलित खरिद कानुन विपरीत प्याकेजिङ्ग गरी अल्का साँघु खानेपानी योजना, थर्पना खानेपानी योजना र वारीलिउडी खानेपानी योजना, कार्मारोङ गाउँपालिकास्थित भुजगुम्बा खानेपानी योजना, खत्याड गाउँपालिकास्थित खत्याड बृहत् खानेपानी योजना, गुराउँसे खानेपानी योजना, जम्फै खानेपानी योजना, गम्था खानेपानी योजना र जोगिलेख खानेपानी योजना गरी ९ वटा योजनाहरूको पहिलो प्याकेज र जिमा खानेपानी योजना, छोरेपानीदेखि महादेवसम्म बृहत् खानेपानी योजना र सोरू बृहत् खानेपानी योजना, खत्याड गाउँपालिकास्थित नर्दै बृहत् खानेपानी योजना गरी ४ वटा खानेपानी योजनाहरूको प्रचलित खरिद कानुन विपरीत दोस्रो प्याकेज बनाई उक्त योजनाहरूको डि.पि.आर. निर्माण प्रक्रियामा फर्जी मूल्याङ्कन समिति तथा मूल्याङ्कन समितिका निर्णयहरूसमेत फर्जी बनाई डि.पि.आर. निर्माण गरेको भनी फर्जी कागजात तयार गरी गराई फर्जी हस्ताक्षर गरी मूल्याङ्कन प्रतिवेदन तयार गरी गराई सोको आधारमा झुट्टा बिल भरपाई बनाई भुक्तानी दिई दिलाई रू.३९,४०,३०९/- (उनन्चालिस लाख चालिस हजार तीन सय नौ रूपैयाँ) सरकारी सम्पत्तिको हिनामिना गरी आर्थिक लाभ लिई दिई प्रदेश सरकार र नेपाल सरकारलाई प्रत्यक्ष हानिनोक्सानी गरे गराएको पुष्टि भएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| क्र.सं. | नाम थर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगुका तत्कालीन कार्यालय प्रमुख **राजीव रिमाल** | रू.३९,४०,३०९/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो उनन्चालिस लाख चालिस हजार तीन सय नौ रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय मुगुका तत्कालीन लेखापाल **रून बहादुर सेजुवाल** | रू.३९,४०,३०९/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो उनन्चालिस लाख चालिस हजार तीन सय नौ रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय |

| | | | |
|---|---|---|---|
| | | | (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | परामर्शदाता एलाइड इन्जिनियरिङ्ग प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं तथा उक्त कम्पनीका प्रबन्ध निर्देशक **चन्द्र बहादुर बुढा** | रू.३९,४०,३०९/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा मुख्य कसुरदारहरूलाई बिगो उनन्चालिस लाख चालिस हजार तीन सय नौ रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (१) को देहाय (छ) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मुख्य कसुरदारसरह सजाय हुन साथै, परामर्शदाता एलाइड इन्जिनियरिङ्ग प्रा.लि. नयाँ बानेश्वर, काठमाडौंका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा २३क बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने